# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ मरिण , पुस २१ गते, २०७७ साल संख्या ६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम मरिण गाउँकार्यपा लकाले बनाएको तल ले खए बमोजिमको कार्य व ध सर्वसाधारणको जानकारीका ला ग प्रकाशन गरिएको छ ।

## भाग २

## आपतकालिन तथा जोखिममा रहेका बालबालिकाका लागि आकस्मिक कोष (सञ्चालन) कार्यविधि, २०७७

यस गाउँपालिका भित्र बसोबास गर्ने बालबालिकालाई आपतकालिन तथा जोखिममा परेको अवस्थामा तत्काल सहयोग गरी निजलाई थप जोखिम हुनबाट जोगाउन र संरक्षण गर्न तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार गर्न आवश्यक भएकोले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ को उपदफा ४ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७० एवं दफा ११ त को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले यो कार्यविधि जारी गरेको छ ।

**१. कोषको नाम र प्रारम्भः**

क) यस कोषको नाम “आपतकालिन तथा जोखिममा रहेका बालबालिकाका लागि आकस्मिक कोष (सञ्चालन) कार्यविधि २०७७” रहेको छ ।

ख) यो कार्यविधी कार्यपालिकाबाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "आपतकालिन तथा जोखिममा रहेका बालबालिका" भन्नाले १८ वर्ष पुरा नभएका तथा यस कार्यविधीको दफा ४ बमोजिम कोषबाट सहयोग प्राप्त गर्ने समुहको लाभग्राही बालबालिका सम्झनुपर्छ ।

ख) "सञ्चालक समिति" भन्नाले दफा ५ बमोजिम गठित कोष व्यवस्थापन तथा सञ्चालक समिति सम्झनुपर्छ ।

ग) "कोष" भन्नाले आपतकालिन अवस्था तथा जोखिममा रहेका बालबालिकालाई सहयोग गर्ने उद्देश्यले स्थापना भएको कोष बुझ्नुपर्छ ।

घ) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिका सम्झनुपर्छ ।

ङ) "कार्यपालिका" भन्नाले मरिण गाउँ कार्यपालिका सम्झनुपर्छ ।

च) "अध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

छ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** (१) यस कार्यविधीको उद्देश्य देहाय बमोजिम हुनेछः

क) आपतकालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गरी निजहरुको संरक्षणमा सहयोग पुर्याउने ,

ख) बालबालिकालाई थप जोखिमबाट जोगाउन सहयोग पुर्याउने ,

**४. कोषबाट सहयोग प्राप्त गर्ने समूहका बालबालिकाः**

क) बाबुआमा दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका ,

ख) बाबुआमा दुबैको मृत्यु भई आफन्त (परिवारका अन्य नातेदार) को रेखदेखमा रहेका बालबालिका,

ग) पितृत्व वा मातृत्वको ठेगाना नभई अलपत्र अवस्थामा फेला परेका बालबालिका,

घ) बाबुआमा दुवै मानसिक रोगी, पूर्ण अपाङ्गता, वेपत्ता भई उनिहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

ङ) बाबु वा आमाले परित्याग गरी अलपत्र बेवारिस छाडिएका बालबालिका,

च) बाबु वा आमा वा दुवैले अर्को विवाह गरी वेवास्था गरिएका तथा संरक्षणको समस्या भएका बालबालिका,

छ) बालबालिका विरुद्धको अपराध, यौन दुर्व्यवहार वा हिंसाको कारण मनोसामाजिक तथा कानूनी उपचार गर्नु पर्ने आर्थिक विपन्न परिवारका बालबालिका,

ज) बौद्धिक तथा इन्द्रीय सम्बन्धी दीर्घकालिन अशक्त भएका विपन्नताको कारण संरक्षणको समस्या भएका बालबालिका

झ) अलपत्र वेवारिस फेला परेका विरामी बालबालिका,

ञ) प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्व वा अन्य कुनै कारण बाबु आमा दुवैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको रेखदेखमा बसेका बालबालिका ,

ट) प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्व वा अन्य कुनै कारण बाबु वा आमा मध्ये कुनै भएको मृत्यु भएका आर्थिक विपन्न परिवारका बालबालिका,

ठ) प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्व वा अन्य कुनै कारण शारीरिक तथा मानसिक रुपमा अपाङ्ग भई संरक्षण र उपचारको समस्या भएका घाइते बालबालिका,

ड) प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्व वा अन्य कुनै कारण शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाबाट बञ्चित बालबालिका,

ढ) आर्थिक रुपमा विपन्न परिवारका एचआइभी सङ्क्रमित वा एड्स प्रभावित बालबालिका

ण) बाबु, आमा वा दुवै कारागारमा रहेका वा कुनै कसुरसँग सम्बन्धित भई वेपत्ता भएका परिवारका वेवारिसे बालबालिका,

त) बाबु बेपत्ता भएको वा बाबुले छोडेको विपन्न परिवारको नवजात शिशु र सुत्केरी महिला ।

**५. कोषको स्थापनाः**

गाउँपालिका भित्र आपतकालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गर्न कोषको नाममा एक वैंक खाता रहनेछ । उक्त कोषमा देहाय बमोजिम रकम जम्मा हुनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

ख) गाउँपालिकाबाट प्राप्त रकम,

ग) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, उद्योगी तथा व्यवसायीहरुबाट प्राप्त रकम

घ) कुनै स्वदेशी तथा विदेशी व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

ङ) कोषलाई प्राप्त अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

६. **सहयोग प्रप्तिको प्रकृयाः**

१. गाउँपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएको बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

२. उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछि सदस्य सचिवले आवश्यक जाँचवुझ गरी यथार्थ विवरण पत्ता लगाउनु पर्नेछ ।

३. सदस्य सचिवलाई विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा अध्यक्ष समक्ष सिफारिस गर्नेछ ।

४. सञ्चालक समितिको वैठकको निर्णयानुसार विशेष संरक्षण आवश्यक भएको बालवालिकालाई सहयोग उपलव्ध गराइनेछ ।

७. **कोषको रकम खर्च गर्ने प्रक्रियाः** (१) कोषको रकम देहाय बमोजिम खर्च गरिनेछः

क) कोषमा प्राप्त हुने रकम सञ्चालक समितिको निर्णय वमाजिम आपतकालिन तथा जोखिममा रहेका वालवालिकाको हितको लागि खर्च गरिनेछ ।

ख) कोषबाट दफा ४ मा उल्लेख गरिएको समूहका बालबालिकालाई सहयोग गरिनेछ ।

ग) कोषबाट एक पटकमा एकजनालाई बढीमा रु २०,०००। सम्म सहयोग गर्न सकिनेछ ।

८. **कोषको सञ्चालन व्यवस्थाः** (१) कोषको सञ्चलानको निम्ति देहाय बमोजिम ७ जनाको सञ्चालक समिति रहनेछ ।

क) गाउँपालिकाका उपाध्यक्ष – अध्यक्ष

ख) संयोजक, सामाजिक विकास समिति – सदस्य

ग) प्रमुख, महिला तथा वालवालिका शाखा – सदस्य

घ) प्रमुख, स्वास्थ्य शाखा – सदस्य

ङ) गाउँपालिकामा काम गर्ने सामाजिक संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना महिला – सदस्य

च) संयोजक, गाउँपालिका स्तरीय बाल सञ्जाल – सदस्य

छ) प्रमुख, सामाजिक विकास शाखा –सदस्य सचिव

२) समितिको वैठकमा आवश्यक परेमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

३) समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

९. **सञ्चालक समितिको काम, कर्तव्य, दायित्व तथा अधिकारः**

क) यस कोषबाट सहयोग गर्नुपर्ने दफा ४ मा उल्लेख गरिएका लाभग्राही बालबालिकाको पहिचान गरी जोखिमको अवस्था हेरी तत्काल सहयोग गर्ने । रु २०००।– सम्मको सहयोग अध्यक्षको एकल निर्णयबाट र सो भन्दा बढि रकमको सहयोग गर्नु पर्ने अवस्थामा समितिको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

ख) कोषको व्यवस्थापन र सञ्चालन गर्ने,

ग) कोषबाट गरिने सहयोग रकमको निर्धारण एवं वितरण गर्ने,

घ) कोषको रकम बृद्धि गर्न उपयुक्त रचनात्मक तथा प्रवर्धनात्मक कार्य गर्ने,

ङ) कोषको आय व्ययको विवरण अध्यावधिक गरी गाउँ सभामा पेश गर्ने

च) कोषको रकम बृद्धिमा सहयोग गर्ने सहयोगकर्ताहरुको विवरण अध्यावधिक गर्ने,

छ) बालबालिकाको संरक्षण र सहयोगको निम्ति सरोकारित सरकारी निकायहरु, छिमेकी स्थानीय तहहरु, बालबालिकासँग काम गर्ने गैरसरकारी संस्थाहरु, बाल हेल्पलाइन नेपालसँग आवश्यक समन्वय गर्ने,

ज) आपतकालिन अवस्थामा जोखिमयुक्त बालबालिकाको संरक्षणको निम्ति आवश्यक कार्य गर्ने,

१०. **सञ्चालक समितिको वैठकः** (१) सञ्चालक समितिको वैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) अध्यक्षको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले वैठकको अध्यक्षता गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिय आधारमा निर्णय गर्ने छ । सहमति नभएमा उपस्थित गणपुरक संस्थाको बहुमतिय आधारमा निर्णय गर्नेछ ।

घ) सञ्चालक समितिको नियमित बैठक प्रत्येक दुई महिनामा नकट्ने गरी वर्षको ६ पटक बस्नेछ ।

११. **कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न ,

च) खण्ड (क) देखि (ङ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

१२. **कोषको खाता सञ्चालनः** (१) कोष खाता सञ्चालक समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

तर कोषको नाममा छुट्टै खाता नखोलिए सम्म गाउँपालिकाको खाताबाट सञ्चालक समितिको निर्णय बमोजिम खर्च गरिनेछ । यस्तो खर्चको हिसाव छुट्टै खातामा राखिनेछ ।

१३. **कोषको रकम खर्च गर्न नपाइनेः** (१) देहायको कार्यमा कोषको रकम खर्च गर्न पाइने छैनः

क) सञ्चालक समितिको बैठक खर्च,

ख) कोषको प्रशासनिक मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य खर्च,

ग) बालबालिकाको अनुगमन तथा स्थलगत भ्रमण खर्च,

१४. **कोषको स्वामित्व तथा संशोधनः** यस कोषको स्वामित्व मरिण गाउँपालिकामा रहनेछ । यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा सञ्चालक समितिको दुई तिहाई सदस्यको निर्णयले प्रस्ताव पेश गरी गाउँ कार्यपालिकाबाट आवश्यकता अनुसार परिमार्जन गरी संशोधन गर्न सकिनेछ ।

१५. **गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवं गाउँ कार्यपालिकाको भुमिकाः** कोषको व्यवस्थापन र सञ्चालनमा सहयोग, अनुगमन र नियमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवं सम्पूर्ण गाउँ कार्यपालिकाबाट हुनेछ ।

१६. **लेखा परीक्षणः** कोषको आयव्ययको लेखापरीक्षण प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकद्वारा गरी सो को प्रतिवेदन उपर कार्यपालिकामा छलफल हुनेछ ।

१७. **रकम फ्रिज नहुनेः** आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई कोषमा रहेको बाँकी रकम फ्रिज हुनेछैन ।

१८. **प्रतिवेदन प्रकाशन गर्नुपर्नेः** (१) समितिले आफुले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिकाले वार्षिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

१९. **कोषको सचिवालयः** कोषको सचिवालय गाउँ कार्यपालिकाको सामाजिक विकास शाखामा रहनेछ ।

२०. **अभिलेख राखेः** समितिले आफुले गरेको काम कारवाहिहरुको अभिलेख दुरुस्त राखु पर्नेछ ।

२१. **संशोधन,** स्वतः **निष्कृय तथा खारेजीः** (१) कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उक्त कोषको आवश्यक नठानेमा कोष खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कोष खारेज भएमा कोषमा जम्मा रकम गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

प्रमाणीकरण मिति : २०७७/०९/२१

**आज्ञाले**
**विनोद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**